annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१७ पृष्ठ १० | काठमाडौं, बिहीबार २७ मंसिर २०८१ | मार्ग शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४५ | THURSDAY, DECEMBER 12, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुर एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# लतरपतरको असारे विकास, कर्णालीमा मंसिरमै खुले ठेक्का


असारमा आर्थिक वर्ष सकिन्छ, साउनबाट सुरु हुन्छ। तर, ११ महिनासम्म काम नगर्ने, अनि वर्षको अन्तिम (असार) मा हतार-हतार ठेक्का लगाइन्छ। बजेट सक्ने उद्देश्यले लगाइने ठेक्काको काम लतरपतर हुन्छ, बजेटको दुरुपयोग मात्रै हुने गरेको छ। त्यसैकारण कर्णाली सरकारले यो वर्षदेखि असारे विकास रोक्न मंसिरबाटै ठेक्का लगाउन सुरु गरेको छ।

समाचार पृष्ठ २

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

- को रिपोर्ट




ठेक्काको अवस्था

चालु आर्थिक वर्षमा परेका
४ सय ३ ठूला आयोजना

कुल बजेट :
५ अर्ब ५२ करोड
९४ लाख ४२ हजार

ठेक्का आह्वान :
२ सय ७५ वटा

ठेक्का रकम :
३ अर्ब ७० करोड
५२ लाख ९ हजार

ठेक्का लाग्न बाँकी आयोजना :
१ सय २८

ठेक्का लाग्न बाँकी बजेट :
२ अर्ब ४६ करोड
४२ लाख बजेट

## चिनियाँ ह्याकर खोज्नेलाई १ करोड डलर पुरस्कार



**वासिङ्टन** (एजेन्सी): संयुक्त राज्य अमेरिकाले मंगलबार कम्प्युटर फायरवाल ह्याक गरेको आरोपमा एक चिनियाँ व्यक्ति र उनका सहषड्यन्त्रकारीको गिरफ्तारीका लागि सूचना दिनेलाई १ करोड डलर पुरस्कारको प्रस्ताव गरेको छ।

विदेश मन्त्रालयका अनुसार ३० वर्षीय गुआन तियानफेङ चीनको सिचुआन प्रान्तमा बस्दै आएका छन्। गुआनलाई कम्प्युटर धोखाधडी गर्ने र तार धोखाधडी गर्ने षड्यन्त्रको आरोप लगाउँदै मंगलबार मुद्दा खोलिएको थियो। अर्थ मन्त्रालयले गुआनले सिचुआन साइलेन्स इन्फर्मेसन टेक्नोलोजी कम्पनी लिमिटेडका लागि काम गरेको कम्पनीमाथि प्रतिबन्ध लगाएको बताएको छ।

अभियोगअनुसार गुआन र सिचुआन साइलेन्सका सहषड्यन्त्रकारीहरूले कथित रूपमा बेलायतमा आधारित साइबर सुरक्षा कम्पनी सोफोस लिमिटेडद्वारा बेचिएको फायरवालमा रहेको कमजोरीको फाइदा उठाएका थिए। 'प्रतिवादी र उनका सहषड्यन्त्रकारीहरूले विश्वभरका दसौं हजार नेटवर्क सुरक्षा उपकरणमा क्षति पुऱ्याउने गरी आक्रमण गरे, जसका कारण उनीहरू विश्वभरका प्रयोगकर्ताहरूको डाटा चोर्न सफल भए', उपमहान्यायाधिवक्ता लिसा मोनाकोले एक विज्ञप्तिमा जनाएका छन्।

सन् २०२० को अप्रिलमा विश्वभरका ८१ हजार फायरवाल उपकरणमा एकै समयमा आक्रमण गरिएको थियो, जसको उद्देश्य प्रयोगकर्ता नाम र पासवर्ड लगायत डाटा चोर्नु र रानसमवेयरद्वारा कम्प्युटरहरूलाई सङ्क्रमित गरे। अमेरिकाका करिब २३ हजार फायरवाल उपकरण थिए, तीमध्ये ३६ वटा 'महत्वपूर्ण पूर्वाधार कम्पनीका प्रणालीहरू' सुरक्षित गरिरहेका थिए।

## जलाशययुक्त तनहुँ आयोजनामा किन ढिलाइ ?

**सुनिता कार्की** | *काठमाडौं*

०३८/३९ सालमा जापान सरकारको सहयोगमा मकवानपुरमा ६० मेगावाट र ३२ मेगावाटको कुलेखानी जलाशययुक्त आयोजना १ र २ बने। त्यसपछि १४ मेगावाटको कुलेखानी-३ आयोजना बन्यो। त्यसयता ४ दशकमा कुनै पनि जलाशययुक्त विद्युत् आयोजना बन्न सकेका छैनन्।

सबैभन्दा ठूलो ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी आयोजना ०७८ सालमा त बन्यो। तर, उक्त आयोजना जलाशयुक्त नभई पिकिङ रन अफ रिभर(पीआरओआर) प्रकृत्तिका हो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीले यो आयोजना बनाएको हो।



सरकारले दूधकोशी, बूढीगण्डकी, पश्चिम सेतीलगायतका केही जलाशययुक्त जलविद्युत् आयोजना बनाउने भनेर घोषणा गरेको वर्षौं भयो। तर, यी आयोजना अघि बढ्न सकेका छैनन्। सबैले एउटै समस्या खेपिरहेका छन्, त्यो हो ठेक्काको। बारम्बार ठेक्का परिवर्तन भइरहँदा यी आयोजनाले गति लिन सकेका छैनन्। यस्तै, बारम्बार ठेक्का परिवर्तनको सिकार भएको अर्को निर्माणाधीन जलाशययुक्त आयोजना हो- तनहुँ जलविद्युत्। प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावरले निर्माण गरिरहेको यो आयोजनाको ०७२ सालमा वित्तीय व्यवस्थापन सम्पन्न भएको थियो। वित्तीय व्यवस्थापन सम्पन्न भएको ६ वर्षमा आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्य थियो। तर, १० वर्ष बित्दा पनि आयोजनाको प्रगति करिब ६३ प्रतिशत मात्रै छ। आयोजना प्रमुख श्यामजी भण्डारी तनहुँ आयोजना निर्माणको काम अघि बढिरहेको दाबी गर्छन्। ०८१ असारसम्म यो आयोजना सम्पन्न गर्ने योजनामा प्राधिकरण छ।

निर्माणको १० वर्षको अवधीमा यो आयोजनाको २ पटक ठेक्का तोडिएको थियो। आयोजनाको सम्भाव्यता अध्ययन २०५८ मा प्राधिकरणले गरेको थियो। जापानी संस्था जाइकाले २ वर्ष लगाएर पुन: सम्भाव्यता अध्ययन गऱ्यो। आयोजना विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) भने ४ वर्ष लगाएर ०७२ सालमा सम्पन्न गरिएको थियो। एसियाली विकास बैंकको सहयोगमा गरिएको उक्त अध्ययन जे-पावर नामको संस्थाले गरेको थियो।

आयोजनाको निर्माणलाई ३ चरण (प्याकेज)मा विभाजन गरिएको छ। प्याकेज-१को पहिलो ठेक्का सम्झौता ०७५ साउन १० मा इटालियन कम्पनी सीएमसीसँग भएको थियो। ७ फागुन ०७५ मा ठेक्का तोड्नका लागि सूचना दिइयो। तर, सीएमसीबाट कुनै आधिकारिक जवाफ नआएपछि तनहुँ हाइड्रोपावरले २२ फागुन ०७५ मा ठेक्का सम्झौता रद्द गरिएको जानकारी सीएमएसीलाई गराएको थियो।

बाँकी पृष्ठ ५

## दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयमा प्रहरीको छापा

**सोल** (एजेन्सी) : दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलले सैनिक शासनको घोषणा गरेको विषयमा अनुसन्धान तीव्र रूपमा भइरहेका बेला प्रहरीले बुधबार उनको कार्यालयमा छापा मारेको छ। जेल प्रशासनका अनुसार देशका पूर्वरक्षामन्त्रीले डिसेम्बर ३ को रातिको घटनालाई लिएर औपचारिक रूपमा पक्राउ पर्नुभन्दा केही समयअघि आत्महत्याको प्रयास गरेका थिए।

सैन्य शासन लागू भएपछि सेना र हेलिकप्टरहरू संसद्मा पठाइ सांसदहरूलाई युनको सैन्य कानुन घोषणालाई मतदान गर्नबाट रोक्नका लागि प्रयास गरिए पनि विपक्षी गठबन्धनले सेनाको घेरालाई तोड्दै संसद्मा राष्ट्रपतिविरुद्ध महाभियोगको प्रस्ताव दर्ता गरिएको थियो।

दक्षिण कोरियाको प्रहरीको विशेष अनुसन्धान एकाइले बुधबार राष्ट्रपति कार्यालय, राष्ट्रिय प्रहरी निकाय, सियोल महानगर प्रहरी कार्यालय र राष्ट्रियसभा सुरक्षा सेवामा छापा मारेको जनाएको छ।

# जहाँ सिमली डाँठ भाँचेर ओलीले कखरा सिकेका थिए

**प्रदीपचन्द्र राई** | *तेह्रथुम*

प्रधानमन्त्री केपी ओली बुधबार प्रणामी माध्यमिक विद्यालय पुगे। आफ्नो बाल्यकाल सम्झे। कखरा सिकेको अनुभव सुनाए। विद्यालयको गुणस्तर सुधार्न अभिभावक र शिक्षकलाई आग्रह गरे।

एमाले अध्यक्ष एवं प्रधानमन्त्री ओलीले तेह्रथुमको आठराई-४ इवास्थित प्रणामी विद्यालयबाट कखरा सिकेका थिए। उक्त विद्यालयको भवन उद्घाटन गर्न पुगेका ओलीले काठको फल्याकमा धुलो माटो छरेर सिमली डाँठ भाँचेर 'कपुरी क' कोरेको स्मृति सुनाए। 'त्यो बेला कखरा सिक्दा टुकी बालेर पढियो,' ओलीले भने, 'आज फेरि त्यहीँ विद्यालयमा आइपुग्दा साँच्चै बालापनका यादहरूको झझल्को आइरहेको छ।' ओलीले कक्षा ४ मा पढ्दा शिक्षकले परीक्षाको नतिजामा आफ्नो नाम बोलाएको रमाइलो प्रसंग पनि कोट्याए।

'सरले परीक्षाको नतिजा सुनाउने बेला नाम बोलाई नसक्दै म अघि बढेँ। सबैजना हाँसे। लाजले फेरि फर्कें,' ओलीले सम्झिए। विद्यालयमा आइपुग्दा बाल्यकालका साथीहरू खेली हिँडेका यादहरू ताजा भएको पनि ओलीले सुनाए।

आफ्नै गाउँमा शिक्षा लिएर देशको प्रधानमन्त्री जस्तो गरिमामय पदमा पुगेपछि इवावासीले भाग्यमानी ठानेको स्थानीय अमृत बास्तोलाले बताए। 'आफ्नो गाउँको मान्छे आज देशको प्रधानमन्त्रीका रूपमा पाउनु हाम्रो भाग्य हो, हामी इवावासीका लागि गर्वको कुरा हो, उहाँप्रति र उहाँको कामप्रति हाम्रो सम्मान छ', उनले भने।



प्रधानमन्त्री ओलीले विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउनुपर्नेमा जोड दिए। आफू पढेको विद्यालयमा माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसईई) को नतिजा गत वर्ष खस्केको समाचारले आफूलाई खिन्न बनाएको बताए। विद्यार्थी पास भएनन् भने अभिभावकको लगानी र विद्यार्थीको मेहनत खेर जाने उनले बताए।

'एसईईमा विद्यार्थी पास भएनन् भने उनीहरूको भविष्य पनि धुलमिल हुन्छ, एसईईभन्दा माथि जान नसक्दा निराशा थपिन्छ', ओलीले भने, 'शिक्षकहरूमा ज्ञान सम्प्रेषणको कला विकास हुनुपर्छ, विद्यार्थीले पनि भरपुर मेहनत गर्नुपर्छ, पढाइमा सफल हुने विद्यार्थीले विकास र समृद्धिमा योगदान दिन सक्छन्। म सबै विद्यार्थी भाइबहिनीहरू र शिक्षकहरूलाई यसलाई गम्भीरतापूर्वक बुझेर मेहनत गर्न आग्रह गर्दछु।' प्रधानमन्त्री ओलीले गुणस्तरीय शिक्षाका लागि सरकारले गरेको लगानी अनुरूप नै शैक्षिक गतिविधि हुनुपर्ने बताए।

प्रधानमन्त्री ओलीले विद्यालय भवन निर्माणमा सहयोग गर्ने दक्षिण कोरियाली संस्था युङ होङ गिल फाउण्डेसन र सम्बन्धित पक्षलाई धन्यवाद दिए। आफ्नो आधारभूत शिक्षा पूरा गरेको उक्त प्रणामी माध्यमिक विद्यालयमा नवनिर्मित १८ कोठे भवनको उद्घाटन गर्न ३ दिन गृहजिल्ला झापामा बसेर फर्किएका प्रधानमन्त्री ओली बुधबार जन्मस्थान तेह्रथुम पुगेका थिए। उनले विद्यार्थी, शिक्षक, स्थानीय लगायतसँग अन्तरक्रियासमेत गरे।

दक्षिण कोरियाको युम होङ गिल ह्युमन फाउण्डेसनको सहयोगमा कुल चार करोड ४९ लाख ६० हजार, कोशी प्रदेश सरकारले २१ लाख ४० हजार र आठराई गाउँपालिकाले ६९ लाख रुपैयाँमा उक्त भवन निर्माण भएको विद्यालयले जनाएको छ। प्रधानमन्त्री ओली २००८ साल फागुन ११ गते आठराई गाउँपालिकास्थित इवामा जन्मिएका हुन्।

**'सुशासन र विकासका लागि सरकार'**

प्रधानमन्त्री ओलीले देशलाई स्थिरता, स्थायित्व, सुशासन र विकासको गतिमा अघि बढाउन कांग्रेस र एमालेको सरकार बनेको बताए। प्रणामी माध्यमिक विद्यालयको नवनिर्मित भवनको उद्घाटन गर्न पुगेका ओलीले यस्तो बताएका हुन्। देशको अप्ठ्यारो स्थितिलाई हेरेर कांग्रेस एमालेको सरकार बनेको उनले जिकिर गरे। विगतको राजनीतिक घटनाक्रमले देशको सुशासन र विकासमा देखिएको असन्तुलित परिस्थितिलाई सुगति दिन पनि सरकार बनाइएको उनले बताए।